**Roll No.** | | | | | | | |

(Write Roll Number from left side exactly as in the Admin Card)

*Signature of Invigilators*

1. ______________________

2. ______________________

**3017**

**Question Booklet Series** **X**

**PAPER–III**

**Question Booklet No.**

(Identical with OMR Answer Sheet Number)

## Subject Code : 30

# NEPALI

*Time : 2 Hours 30 Minutes* *Maximum Marks: 150*

---

***Instructions for the Candidates***

1. Write your Roll Number in the space provided on the top of this page as well as on the OMR Sheet provided.
2. At the commencement of the examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and verify it:
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page.
   (ii) Faulty booklet, if detected, should be get replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.
   (iii) Verify whether the Question Booklet No. is identical with OMR Answer Sheet No.; if not, the full set to be replaced.
   (iv) After this verification is over, the Question Booklet Series and Question Booklet Number should be entered on the OMR Sheet.
3. This paper consists of seventy-five (75) multiple-choice type questions. All the questions are compulsory. Each question carries *two* marks.
4. Each Question has four alternative responses marked: (A) (B) (C) (D). You have to darken the circle as indicated below on the correct response against each question.

   *Example:* (A) (B) ● (D), where (C) is the correct response.
5. Your responses to the questions are to be indicated correctly in the OMR Sheet. If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Rough work is to be done at the end of this booklet.
7. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
8. Do not tamper or fold the OMR Sheet in any way. If you do so, your OMR Sheet will not be evaluated.
9. You have to return the Original OMR Sheet to the invigilator at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry question booklet and duplicate copy of OMR Sheet after completion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator or mobile phone etc. is strictly prohibited.**
12. **There are no negative marks for incorrect answers.**

**[Please Turn Over]**

# NEPALI

## PAPER III

**1.** नेपाली लोकगीतको पङ्क्तिका सुरुमा, माझमा वा अन्त्यमा आउने 'ए कान्छा', 'रेलिमाई', 'लैबरी लै' आदि शब्दलाई के भनिन्छ?

(i) रहनी (ii) भाका (iii) बथन (iv) स्थायी

(A) (i), (ii)

(B) (ii), (iii)

(C) (iii), (iv)

(D) (i), (iii)

**2.** 'गहिरो पोखरीमा चाँदीको थाल' — यस गाउँ खाने कथालाई तलको कुन वर्गमा राख्न सकिन्छ?

(A) उपमानमूलक

(B) लयात्मक

(C) आनुप्रासिक

(D) वाक्यात्मक

**3.** 'गहिरो पोखरीमा चाँदीको थाल' — यस गाउँ खाने कथाको उत्तर के हो?

(A) जाल हानेको

(B) पानीभित्र देखिएको घामको प्रतिबिम्ब

(C) बादल

(D) जून

**4.** जोह्न क्रो ऱ्यान्समले कविताका विशेष अध्येतव्यका रूपमा प्रतिपादन गरेका 'स्ट्रकचर' र 'टेक्सचर' का अवधारणाका निम्ति डा नगेन्द्रले प्रयोग गरेका हिन्दी पर्याय कुन कुन हुन्?

(A) रूप-रचना र अभिव्यञ्जना

(B) शब्दविधान र अर्थविधान

(C) वाह्य संरचना र आन्तरिक संरचना

(D) भावपक्ष र कलापक्ष

**5.** भारतबाट बनिएको नेपाली चलचित्र 'झोडा' को निर्देशन कसले गरेको हो?

(A) बलाई सेन

(B) अञ्जन दास

(C) करुण कवासी

(D) बन्नी प्रधान

**6.** ''हिमालै चुली त्यो पारी बाटो दाउराको खलियो कलिलो माया छुट्टिन लाग्यो मन बाँध बलियो।'' — यस लोकगीतको अंशले कुन स्थिति-प्रसङ्गको वर्णन गरेको छ?

(A) दुलहीलाई माइत पुऱ्याएपछि नव-दुलहा र नव-दुलही-माझ आएको वियोगजन्य स्थिति।

(B) भर्खरै मात्र बसेको माया-पिरतीमा परिस्थितिले उत्पन्न गराएको वियोगको स्थिति।

(C) पतिको परदेश गमन हुन लाग्दाको पति-पत्नीमाझ वियोगको स्थिति।

(D) मायालुले बिर्सेपछि साथीले सान्त्वना दिँदाको स्थिति।

**7.** लन्डन विश्वविद्यालयको स्कुल अव् ओरियन्टल एन्ड अफ्रिकन स्टडिजमा नेपाली भाषाका शिक्षक रहेका टमस वेलबर्न क्लार्कले 'एन इन्ट्रोडक्सन टु नेपाली' (सन् १९६३) पाठ्यग्रन्थ तयार पार्दा नेपाली भाषा र व्याकरणबारे अध्ययन गर्न उनलाई कसले सहायता गरेका थिए?

(A) पुष्कर रामशेर

(B) पारसमणि प्रधान

(C) धरणीधर कोइराला

(D) रामराज पन्त

**8.** रूपनारायण सिंहले सम्पादन गरेका दुईवटा पत्रिकामध्ये एउटा 'खोजी' हो भने अर्को कुन हो?

(A) 'अञ्जली'

(B) 'दीयो'

(C) 'किरण'

(D) 'भारती'

**9.** ''म राजनीतिमा राजतन्त्रवादी हुँ, धर्ममा रोमन-क्याथोलिक हुँ'' भन्ने टी एस इलियटले साहित्यमा चाहिँ के हुँ भनेका छन्?

(A) नवशास्त्रीयतावादी

(B) शास्त्रीयतावादी

(C) यथार्थवादी

(D) मानववादी

**10.** ''असल कविता अद्यावधि लेखिएका सम्पूर्ण कविताको जिउँदो साकल्य हो।''— यो कसको भनाइ हो?

(A) आई ए रिचर्ड्स

(B) टी एस इलियट

(C) जोह्न क्रो र्‍यान्सम

(D) क्लिन्थ ब्रुक्स

**11.** कलालाई 'एउटा आध्यात्मिक क्रिया-व्यापार' मान्ने चिन्तक को हुन्?

(A) प्लेटो

(B) एरिस्टोटल

(C) कलरिज

(D) क्रोचे

**12.** तलका कुन कुन कथन सही हुन्?

(क) येन मुकारोव्स्कीले साहित्यिक पाठमा वस्तु तत्त्व र रूपतत्त्वको द्वैधता स्वीकार गरे।

(ख) सङ्केत व्यवस्था विशेषका रूपमा भाषामा वस्तु र रूपको परस्पर आबद्ध सहअस्तित्वको मान्यता येन मुकारोव्स्कीले प्रस्तुत गरे।

(ग) यु बी बोरेभको मतअनुसार पाठ शैलीयुक्त र शैलीशून्य पनि हुनसक्छन्।

(घ) यु बी बोरेभका दृष्टिमा शैलीविहीन पाठ हुन सक्तैन।

(A) (क), (ख)

(B) (ख), (ग)

(C) (ग), (घ)

(D) (क), (घ)

**13.** ''उनले लेखन भाषाको कामसूत्र हो र शक्तिपूर्ण अन्तक्रीडा हो भनेका छन्। उनका कृतिहरू समालोचना र सृजनाको सँधको अर्ध साहित्य (पारा लिटरेचर) हुन पुगेका छन्।''

— वासुदेव त्रिपाठीको पुस्तकबाट लिइएको यस उद्धरणमा 'उनले' र 'उनका' शब्दले कसतिर औँल्याएका छन्?

(A) मिसेल फुको

(B) जाक लकाँ

(C) युलिया क्रिस्तेवा

(D) रोलाँ बार्थ

**14.** भ्लादिमिर प्रपले लोककथाको संरचनाका कतिवटा आधारभूत र परिधीय प्रकार्यको कुरा गरेका छन्?

(A) 32

(B) 16

(C) 24

(D) 35

**15.** ''र हाम्रा नुनका सेषले झुकाई दिन्या पन्थ वार्है वर्षमा मेरा भाइ दलमर्दन साहले जेठी तरवार राजाको थापलामा हान्यो।''

पृथ्वीनारायण शाहको 'दिव्योपदेश' बाट लिइएको यस वाक्यमा प्रयोग गरिएको 'जेठी तरवार' पदावलीको अर्थ के हो?

(A) सबैभन्दा पुरानो तरवार

(B) सबैभन्दा लामो तरवार

(C) जेठी महारानीले दिएको तरवार

(D) सेनापतिले भिर्ने लामो तरवार

**16.** नेपाली भाषामा माइत जाने स्त्रीलाई 'मैतालु', खेतबारीमा काम गर्न आउनेलाई 'खेताला' र निम्तो गरिएका व्यक्तिलाई 'निम्तारु' भनिन्छ भने बिन्ती गर्ने व्यक्तिलाई के भनिन्छ?

(A) बिन्तक

(B) बिन्त्यारु

(C) बिन्तौलो

(D) बिन्तीकार

**17.** ''यद्यपि भारतीय प्राङ्गणमा नेपाली पद्य (सवाई) साहित्यमा प्रथम हस्ताक्षर गर्ने नारी लेखिका यिनी नै हुन्।''

— गुप्त प्रधानले भारतीय नेपाली साहित्यको ऐतिहासिक चर्चाका सन्दर्भमा चर्चा गरेकी ती नारी लेखिका को हुन्।

(A) अञ्जना देवी

(B) बबगुनी गुरुङ

(C) मेलवादेवी

(D) दुर्गादेवी आचार्याणी दीक्षिताणी

**18.** ''जमुनाजीका बिचमा सातो घाट भयो।
दिन् रात अखण्ड मूल् स्वरूप्मा कह्यो।।
परंधाम्मा हेर भाइ हो! वर्षा न शीत।
धनि हाम्रा तहीँ छन् अक्षरैं ती त।।''

—अध्यात्म चेतना केन्द्रित देखिने माथिको पद्यमा कुन भक्तिधाराको भाव प्रकट भएको पाइन्छ?

(A) कृष्णभक्ति

(B) रामभक्ति

(C) निर्गुणभक्ति

(D) शिवभक्ति

**19.** ''जमुनाजीका बिचमा सातो घाट भयो।
दिन् रात अखण्ड मूल् स्वरूप्मा कह्यो।।
परंधाम्मा हेर भाइ हो! वर्षा न शीत।
धनि हाम्रा तहीँ छन् अक्षरैं ती त।।''

—माथि उद्‌धृत कविताका रचयिता को हुन्?

(A) डाकमान राई

(B) दिलुसिंह राई

(C) बबगुनी गुरुङ

(D) ज्ञानदिलदास

**20.** ''तर यत्तिकै भरमा हाम्रा सुधारवादी सज्जनहरूले पादरी गङ्गाप्रसादमाथि त्यसरी धुइरिनु हुँदैनथ्यो। पादरीले गरेको भाषा सेवाको उनीहरूले खयालै गरेनन् जस्तो लाग्छ, त्यो बेलाका कुरा सुन्दा।''

–पादरी गङ्गाप्रसाद प्रधानका पक्षमा यसरी लेख्ने लेखक को हुन्?

(A) पारसमणि प्रधान

(B) रामकृष्ण शर्मा

(C) कुमार प्रधान

(D) कमलमणि दीक्षित

**21.** प्याजको दानामा झैँ साहित्यिक कृतिमा पनि संरचनाका पत्रैपत्र हुने र छोडाउँदै जाँदा कुनै गुदी बाँकी नरहने हुन्छ भन्ने अवधारणा कुन चिन्तनधारासित सम्बन्धित छ?

(A) अपचयवाद

(B) संरचनावाद

(C) विसङ्गतिवाद

(D) घनत्ववाद

**22.** ''भ्रूणहत्या त गर्नुभइसक्यो। अब आत्महत्या गर्न लाग्नुभयो। मेरो सर्वस्व नै तपाईँ हो ; तपाईँ नै यसरी बिग्रेर हिँड्न लागेपछि; एउटी अबलाको जीउधन लुट्नुभयो।''

—यो सम्वाद कुन नाटकबाट लिइएको हो?

(A) जनार्दन समको 'आमाको आशा'

(B) विजय मल्लको 'सत्ताको खोजमा'

(C) गोपालप्रसाद रिमालको 'मसान'।

(D) गोविन्द 'गोठाले' को 'युगको शिकार'

**23.** सौन्दर्य चेतना र भाषिक अभिव्यक्तिका दृष्टिले 'भ्रमर' उपन्यासमा पूर्ववर्ती कुन साहित्यकारको बढी प्रभाव परेको छ?

(A) रवीन्द्रनाथ ठाकुर

(B) बङ्‌किमचन्द्र च्याटर्जी

(C) प्रेमचन्द

(D) शरद्‌चन्द्र चटोपाध्याय

**24.** नेपालका तत्कालीन प्रधानमन्त्री भीमसेन थापाले काठमाडौँ स्थित ब्रिटिस रेजिडेन्सीका अधिकारी तथा इतिहासकार ब्रियन एच हाज्सनका निम्ति कुन नेपाली नाटक मञ्चन गराएका थिए?

(A) मुद्राराक्षस

(B) हास्यकदम्ब

(C) कंसवध

(D) जयरत्नाकर

**25.** ''रूपनारायण सिंहका कृति दार्जीलिङका नेपाली समाजका इतिहास हुन्; रूपनारायण सिंह साहित्यिक कलाकार मात्र होइनन् किन्तु सामाजिक इतिहासवेत्ता पनि हुन्।''

—यो कसको मन्तव्य हो?

(A) सूर्यविक्रम ज्ञवाली

(B) रामकृष्ण शर्मा

(C) गणेशलाल सुब्बा

(D) इन्द्रबहादुर राई

**26.** 'नेपाली लोकसाहित्य' पुस्तकमा चर्चा गरिएको 'कौरा' के हो?

(A) बाह्रमासे गीत

(B) पूर्वी नेपालको पहाडी भेकका तागाधारी समाजमा प्रचलित तीजे गीत

(C) पाल्पा, तनहुँ, नवलपरासी र स्याङ्जाका मगर समाजमा प्रचलित नृत्यगीत

(D) डोटी, डडेल्धुरातिर प्रचलित धार्मिक गीत

**27.** 'लीला लेखन' को 'मेनिफेस्टो' मानिने इन्द्रबहादुर राईको 'भ्रान्तिहरू र लीला लेखन मात्र' लेख कुन पत्रिकामा प्रकाशित भएको थियो?

(A) मालिङ्गो

(B) रूपरेखा

(C) रसायन

(D) प्रज्ञा

**28.** ''विश्वसाहित्यका 'प्लेज्यरिस्ट' ठानिएका शेक्सपिअरले कुनै कथानक आफै बनाएनन्; भावहरण गरेका छन् पूर्वकालका लेखकहरूबाट, तर रचना-प्रक्रियामा ती जम्मै खनिज गालेर तिनले मौलिक कृति जुन दिएका छन् ती साहित्यका वैभव हुन्छन् नत्र समालोचकहरू तिनलाई अपहर्ता मात्र भन्ने थिए।''

—यो कसको मन्तव्य हो?

(A) अभि सुवेदी

(B) कृष्ण गौतम

(C) कुमार प्रधान

(D) रामकृष्ण शर्मा

**29.** ''विश्वसाहित्यका 'प्लेज्यरिस्ट' ठानिएका शेक्सपिअरले कुनै कथानक आफै बनाएनन्; भावहरण गरेका छन् पूर्वकालका लेखकहरूबाट, तर रचना-प्रक्रियामा ती जम्मै खनिज गालेर तिनले मौलिक कृति जुन दिएका छन् ती साहित्यका वैभव हुन्छन् नत्र समालोचकहरू तिनलाई अपहर्ता मात्र भन्ने थिए।''

—यस मन्तव्यमा 'अपहर्ता' शब्दको प्रयोग कुन कृति र कृतिकारको चर्चाका प्रसङ्गमा गरिएको हो?

(A) 'लीला लेखन' मा ओसारिएको 'डिकन्स्ट्रक्सन' सिद्धान्त

(B) 'मसान' नाटकमा 'डल्स हाउस' को प्रभाव

(C) पारसमणि प्रधानकृत 'बुद्ध चरित्र' को मौलिकता

(D) लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समका स्वच्छन्दतावादी कवितामा अङ्ग्रेजी रोमान्टिक कविहरूको शब्द र भावको हरण

**30.** ''घरमाइँ सम्पत्ति होइबरिलै देवीरमण चेलाचेली नाइँथ्या। सन्तान होइझान् भणिबरै अनेक उपाय अऱ्यो, चौंपातो चिण्यो, बाटो गाड्यो, पोरका वरिष हरिवंश पुराण लाइहाल्यो तेबिरलै सुभद्राखि कोख सफल नाइँ हुन सकी।''

—यस भाषिक सामग्रीका अनुसन्धानकर्ता र व्याख्याता पूर्णप्रकाश नेपाल 'यात्री' अनुसार उपयुक्त गद्यांश कुन भाषिकामा लेखिएको छ?

(A) डोटेली

(B) बैतडेली

(C) पर्वते

(D) भोजपुरे

**31.** मानवीय क्रियाकलापलाई नियमन गर्ने प्रमुख मनोगत शक्तिलाई फ्रायडले के संज्ञा दिएका छन्?

(A) इद

(B) इगो

(C) सुपर इगो

(D) लिबिडो

**32.** दार्जिलिङबाट १०८ अङ्कसम्म अनवरत प्रकाशित भएको प्रसिद्ध नेपाली पत्रिका 'भारती' का प्रधान सम्पादक को थिए?

(A) रायसाहेब हरिप्रसाद प्रधान

(B) रूपनारायण सिंह

(C) पारसमणि प्रधान

(D) शेषमणि प्रधान

**33.** ''हरिभक्त कटुवाल जीवनवादी थिए, निराशवादी होइनन्'' —यो मन्तव्य कसको हो?

(A) ईश्वर बराल

(B) अभि सुवेदी

(C) गुमानसिंह जामलिङ

(D) कृष्ण गौतम

**34.** तलकामध्ये कुन चाहिँ लोक नाटकको एउटा प्रकार हो?

(A) चाँचरी

(B) सोरठी

(C) सेलो

(D) खाँडो

**35.** 'प्रत्येक ठाउँ प्रत्येक मान्छे' उपन्यासको, भूमिका कसले लेखेका हुन्?

(A) इन्द्रबहादुर राई

(B) राजनारायण प्रधान

(C) गुमानसिंह चामलिङ

(D) शङ्कर लामिछाने

**36.** '' 'चन्द्रिका' मा प्रकाशित शम्भुप्रसाद ढुङ्ग्यालका दुइ विवरणात्मक निबन्ध 'महेन्द्रमल्ली' र 'जुनकीरी' नेपाली साहित्यका सर्वथा मौलिक प्राथमिक निबन्ध हुन्।''

—यो कसको भनाइ हो?

(A) पारसमणि प्रधान

(B) रामकृष्ण शर्मा

(C) गणेशलाल सुब्बा

(D) ईश्वर बराल

**37.** नेपाली कवितामा हाइकु भिग्याउने पहिलो नेपाली कवि को हुन्?

(A) शङ्कर लामिछाने

(B) हरिभक्त कटुवाल

(C) भूपि शेरचन

(D) भीमदर्शन रोका

**38.** शोधकार्यका लागि तयार पारिने तीन थरीका प्रश्नावली कुन कुन हुन्?

(A) स्तरीकृत, सामूहिक र आकस्मिक

(B) संरचित, असंरचित र चित्रमय

(C) यादृच्छिक, सम्भावनापरक, असम्भावनापरक

(D) सार्वजनिक, गोप्य, तदर्थ

**39.** कुन वादले समाजमा स्थापित नियम, मर्यादा, आचरण र नैतिकताको उल्लङ्घन गर्दैन?

(A) स्वच्छन्दतावाद

(B) प्रकृतवाद

(C) परिष्कारवाद

(D) आदर्शवाद

**40.** ''उठाइ खड्ग 'खड्ग' ले प्रहार त गरी दिए
विपक हो कुकर्मको निमित्त मात्र ती भए
दुशासनादि दुष्टले प्रचण्ड पाप जो गरे
निवारणार्थ पार्थले भुजमहा धनु धरे।''

—माथिको कवितांशमा प्रयुक्त 'खड्ग' शब्दले कुन घटनाप्रसङ्गलाई सङ्केत गरेको छ?

(A) पृथ्वीनारायण शाहको विजय अभियान

(B) नेपाल-अङ्ग्रेजमाझको युद्ध

(C) खड्गबहादुर विष्टले गरेको नारी-उद्धारको घटना

(D) भारतीय स्वाधीनता सङ्ग्राम

**41.** ''उठाइ खड्ग 'खड्ग' ले प्रहार त गरी दिए
विपक हो कुकर्मको निमित्त मात्र ती भए
दुशासनादि दुष्टले प्रचण्ड पाप जो गरे
निवारणार्थ पार्थले भुजमहा धनु धरे।''

—माथिको कवितांशको मूल भाव के हो?

(A) राष्ट्रप्रेम

(B) जातीय सम्मान र नारी-सुरक्षा

(C) वीर स्तुति

(D) समाज सुधार

**42.** तल दिइएका कुन वादसँग 'शिकागो मण्डली' को निकटतम सम्बन्ध रहेको छ?

(A) संरचनावाद

(B) नवएरिस्टोटलवाद

(C) नवपरिष्कारवाद

(D) नारीवाद

**43.** तल दिइएका बुँदाहरूमध्ये कुन बुँदालाई शैलीवैज्ञानिक समालोचनाले बढी महत्त्व दिन्छ?

(A) भाषाको साङ्केतिक माध्यमबाट कृतिगत अर्थमा जोड दिनु

(B) काव्यभाषाको सिद्धान्तमा जोड दिनु

(C) भाषाको विचलनपूर्ण प्रयोगको अध्ययनमा जोड दिनु

(D) शब्दकेन्द्रवादमा जोड दिनु

**44.** ''जसरी हिमाल पग्लँदा निर्मल खोलानालाको जन्म हुन्छ त्यसरी नै कवि पग्लँदा कविताको जन्म हुन्छ।''

— माथिको मन्तव्य कुन कविता-सङ्ग्रहको भूमिकामा राखिएको छ?

(A) निर्झर

(B) यो जिन्दगी खै के जिन्दगी

(C) आमाको सपना

(D) सम्मेलन कविता-सङ्‍ग्रह

**45.** 'फर्सीको जरा' कवितामा मोहन कोइरालाले कस्तो भाव व्यक्त गरेका छन्?

(A) मध्यमवर्गीय विवशता

(B) युवा मनको असन्तोष र विद्रोह

(C) अन्धकार भविष्य

(D) मानसिक कुण्ठा र विकृति

**46.** रामकृष्ण शर्माको प्रबन्ध-सङ्ग्रह 'अष्टावक्र' कुन विषयसँग सम्बन्धित छ?

(A) राजनीति

(B) साहित्य

(C) लोकवार्ता

(D) अध्यात्म-चिन्तन

**47.** 'दाक्षीपुत्र' भनेर कसलाई भनिन्छ?

(A) इन्द्रदेव

(B) पाणिनि

(C) भरतमुनि

(D) दशरथ

**48.** 'सक्दो' र 'सक्तो' शब्दमा सन्धिको कुन प्रक्रिया पाइन्छ?

(A) समीभवन

(B) विषमीभवन

(C) पुनरुक्ति

(D) विपर्यास

**49.** शोधप्रस्तावको तयारीक्रमका प्रमुख तीनवटा कार्य कुन कुन हुन्?

(A) शीर्षक चयन, पूर्वकार्यको समीक्षा, प्राक्कल्पना

(B) समस्याकथन, शीर्षक चयन, प्रयोजन

(C) शीर्षक चयन, समस्याकथन, पूर्वकार्यको समीक्षा

(D) प्राककल्पना, शीर्षक चयन, समस्याकथन

**50.** तलका समूहहरूमध्ये भोट-बर्मेली परिवारका भाषाहरूको समूह कुन हो?

(A) तामाङ, नेवार, मेचे, जिरेल

(B) सन्थाल, तामाङ, धाँगड, चेपाङ

(C) गुरुङ, याक्खा, दुमी, राजवंशी

(D) दनुवार, मैथिली, लाप्चा सुनुवार

**51.** नेपालीमा ''शृङ्गार-रसको कविता लेख्ने प्रथा चलाउने उद्देश्यका सर्वप्रथम शृङ्गार कवि'' भनेर समालोचक कृष्णचन्द्र सिंह प्रधानले कसको नाउँ लिएका छन्?

(A) हीनव्याकरणी विद्यापति

(B) पतञ्जली गजुरेल

(C) मोतीराम भट्ट

(D) राजीवलोचन जोशी

**52.** 'नेपाली साहित्याकाशका दुई नयाँ तारा' लेखमा सूर्यविक्रम ज्ञवालीले कुन 'दुई नयाँ तारा बारे चर्चा गरेका छन्?

(A) लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटा

(B) बालकृष्ण सम र भीमनिधि तिवारी

(C) लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरणश्रेष्ठ

(D) बालकृष्ण सम र लेखनाथ पौड्याल

**53.** समालोचक रामकृष्ण शर्माले 'आदर्श कविता' ठहराएको 'नेपाली कविता' कुन हो?

(A) लेखनाथ पौड्यलको 'वसन्तविचार'

(B) सिद्धिचरण श्रेष्ठको 'गोमा'

(C) बालकृष्ण समको 'फुटेको फूलदान'

(D) लक्ष्मीप्रसाद देवकोटाको 'बाघले बच्चा किन खान्छ'

**54.** ''तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्यधाम।''

—कवि माधव घिमिरेले यस कवितांशमा 'तिम्रो' शब्द कसका लागि प्रयोग गरेका छन्?

(A) ईश्वर

(B) कवि स्वयम्

(C) जडभरत

(D) काली गण्डकी नदी

**55.** ''खण्डकाव्यको सानो रूपमा महाकाव्यको
विशाल, भीमकाय विषय मुकुटिएको छ।''

—बालकृष्ण समको 'आगो र पानी' का सन्दर्भमा यस्तो टिप्पणी गर्ने समालोचक को हुन्?

(A) रामकृष्ण शर्मा

(B) यदुनाथ खनाल

(C) तारानाथ शर्मा

(D) वासुदेव त्रिपाठी

**56.** ''उर्वशीलाई मैले प्रशस्त सुहानुभूति गर्नुपरेको छ। किनकि उर्वशी मै हुँ।''

–'उर्वशी' खण्डकाव्यका विषयमा कवि सिद्धिचरण श्रेष्ठले आफैलाई 'उर्वशी' मान्नाको तात्पर्य के हो?

(A) वासनाको उद्दाम आवेग

(B) जीवनमा लक्ष्यप्राप्तिको सफलता-असफलताको भारसाम्यबोध

(C) पुरुषभित्र लुकेको स्त्रैण चरित्र

(D) जीवनमा व्यक्त र अव्यक्त इच्छा माझको द्वन्द्व

**57.** ''.... तर जुन पिँजराको सुगालाई नपढ्ने त्यसपछिका
बालक प्राय: नहोलान् त्यो बडो मार्मिक शिशु-साहित्य छ।''

—यसरी लेखनाथ पौड्यालको 'पिँजराको सुगा' कवितालाई ''बडो मार्मिक शिशु-साहित्य'' मान्ने समालोचक को हुन्?

(A) यदुनाथ खनाल

(B) रामकृष्ण शर्मा

(C) सुर्यविक्रम ज्ञवाली

(D) चुडानाथ भट्टराय

**58.** '' 'मुनामदन' मा चित्रित एक सानो परिवारको दु:खान्त कहानी समग्र जातीय जीवनको दु:खद कहानी हो।''

—यसरी 'मुनामदन' खण्डकाव्यलाई नेपाली जातीय जीवनको रूपक-काव्यका रूपमा हेर्ने समालोचक को हुन्?

(A) आनन्ददेव भट्ट

(B) ताना सर्मा

(C) गणेशलाल सुब्बा

(D) कृष्णचन्द्रसिंह प्रधान

**59.** शोधकार्यमा पूर्व-सर्वेक्षण भन्नाले के बुझिन्छ?

(A) कुनै विषयबारे गरिएको पहिलो सर्वेक्षण

(B) कुनै वृहत् शोधकार्यका लागि गरिने मुख्य सर्वेक्षणभन्दा अघि तदर्थ रूपमा गरिने सानो सर्वेक्षण

(C) शोधकार्यका निर्देशक वा अग्रणी व्यक्तिले गर्ने सर्वेक्षण

(D) शोधको मूल विषय सँगसँगै देखापर्ने अनुषङ्गी विषयबारे पनि गर्दै लगिने ससाना सर्वेक्षण कार्यहरू

**60.** शोधका क्रममा गरिने क्षेत्रकार्य तीनवटा चरणमा पूर्ण हुन्छ। ती तीनवटा चरण कुन कुन हुन्?

(A) पृष्ठभूमि, विकास, निष्कर्ष ग्रहण

(B) तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन

(C) क्षेत्र चयन, क्षेत्र-सर्वेक्षण, समापन

(D) पूर्वतयारी, सङ्कलन कार्य, विश्लेषण

**61.** 'शोधकार्य भनेको अनुसन्धान कार्य हो।'
–यसलाई शोधकार्यको कस्तो परिभाषा भनिन्छ?

(A) निर्देशात्मक

(B) पर्यायमूलक

(C) प्रसङ्गकेन्द्रित

(D) सीमित

**62.** शोध-लेखनमा सन्दर्भ सङ्केत मूलपाठभित्रै दिइने दुईवटा पद्धति कुन कुन हुन्?

(A) लेखक-कृति पद्धति र लेखक-प्रकाशक पद्धति

(B) लेखक-शीर्षक पद्धति र प्रकाशन साल-पृष्ठ पद्धति

(C) शीर्षक-पृष्ठ पद्धति र प्रकाशक-कृति पद्धति

(D) लेखक-पृष्ठ पद्धति र लेखक-मिति पद्धति

**63.** तलका मध्ये कुन कुन कुरा सही छन्?

(i) प्राज्ञिक र औपचारिक लेखनमा सामान्य आदरार्थी प्रयोग गरिन्छ।

(ii) अरूले लेखेका कुरा अध्येताले पढेर आफ्नै शब्दावली र शैलीमा लेख्दा उसलाई भावहरणको दोष लाग्दैन।

(iii) निष्कर्ष प्राक्कल्पनामा प्रस्तुत भइसकेका कुरासित मिल्ने किसिमको हुनुपर्छ।

(iv) निष्कर्ष निकाल्दा तथ्यलाई सीमित गरिन्छ भने सामान्यीकरण गर्दा तथ्यलाई व्यपकता प्रदान गरिन्छ।

(A) (i), (ii)

(B) (iii), (iv)

(C) (ii), (iii)

(D) (i), (iv)

**64.** ''उमेरको यस विषुवत् रेखानेर
दक्षिणी अक्षांशका आवाजहरू ठोक्किइरहेछन् कानमा।''
—कविताको कथक-पात्रका परिप्रेक्ष्यबाट माथि दिइएका पङ्क्तिमा 'विषुवत् रेखा' र 'दक्षिणी अक्षांश' शब्दको तात्पर्य के हो?

(A) किशोर वय र उमङ्ग

(B) प्रौढता र परिपक्वता

(C) मध्यवयस र जीवनान्त्यको आभास

(D) वार्द्धक्य र मृत्युबोध

**65.** रिचर्ड्सको मतानुसार कलाकृतिमा मूल्य हुनु भन्नाले के बुझिन्छ?

(i) पाठकका एषणा वा आवेगलाई सन्तुष्टि दिनसक्नु

(ii) पाठकका एषणा वा आवेगलाई तीव्रतर तुल्याउँदै लैजान सक्नु नै कृतिको मूल्य हुनु हो।

(iii) विशिष्ट व्यक्तिहरूद्वारा विशिष्ट क्षणमा गरेका अनुभूतिहरूबाट प्राप्त परितोष नै कलाको मूल्य हो

(iv) कृतिको लेखन, प्रकाशन र विक्री-वितरणमा लागेको खर्चको कुलयोग नै त्यसको मूल्य हो

(A) (i), (ii)

(B) (ii), (iii)

(C) (iii), (iv)

(D) (i), (iii)

**66.** ''छन्द शब्दहरूभित्र होइन, हाम्रो मनभित्र हुन्छ। शब्द र ध्वनि ता त्यसका उद्दीपक तत्त्व मात्रै हुन्।''
—यो मत कसको हो?

(A) एरिस्टोटल

(B) टी एस इलियट

(C) आई ए रिचर्ड्स

(D) एस टी कलरिज

**67.** 'संरचनागत द्वयात्मकता भाषाको प्रकृतिगत विशेषता हो।''
—यस भाषावैज्ञानिक कथनको तात्पर्य के हो?

(A) भाषाका प्राचीन र समकालीन गरी दुई थरीका संरचना हुन्छन्।

(B) भाषाको संरचना प्रकृतिको संरचनाकै प्रतिरूप हुन्छ।

(C) भाषामा संरचनाका स्वनिमिक र व्याकरणिक भनिने दुईवटा तह हुन्छन्।

(D) कुनै पनि भाषाका मूर्त्त र अमूर्त्त दुई थरीका संरचना हुन्छन्।

**68.** एउटै अविभाज्य संरचनामा एउटाभन्दा बेसी अर्थतात्त्विक एकाइ रहेको रूपलाई के भनिन्छ?

(A) मुक्त रूप

(B) व्यक्त रूप

(C) बद्ध रूप

(D) सम्पृक्त रूप

**69.** 'आप्त वचन' भनेको के हो?

(A) भाषाको व्याकरणिक व्यवस्थामा हुने वचनको एउटा भेद

(B) नमिठो वचन वा अभिशाप

(C) फकाइ फुस्ल्याइ गर्ने चिप्लो कुरा

(D) बुढापाका र ज्ञानीगुणीजनले भनेका कुरा

**70.** खरसाङ गोर्खा लाइब्रेरी स्थापना भएको मिति कुन हो?

(A) 3 अप्रेल 1913

(B) 8 जून 1913

(C) 8 जून 1914

(D) 8 जुलाई 1914

**71.** भानुभक्त र घाँसीको संवाद तथा 'भर्जन्म घाँसतिर मन दिई धन कमायो' भन्ने प्रसङ्ग मोतीराम भट्टको कपोल-कल्पित कथन हो भन्ने विचार सर्वप्रथम कुन समालोचकले कुन ग्रन्थमा व्यक्त गरेका छन्?

(A) बाबुराम आचार्यले 'पुराना कवि र कविता' मा

(B) रामकृष्ण शर्माले 'सप्तशारदीय' मा

(C) राममणि रिसालले 'नेपाली काव्य र कवि' मा

(D) ताना सर्माले 'घोत्ल्याइँहरू' मा

**72.** भरतमुनिले 'नाट्यशास्त्र' मा चार अलङ्कारको उल्लेख गरेका छन् भने दण्डी, उद्‌भट र वामनसम्म आइपुग्दा अलङ्कारको संख्या कति पुगेको पाइन्छ?

(A) 39

(B) 53

(C) 47

(D) 48

**73.** कुन वादले उच्च र निम्न संस्कृतिमाझ भिन्नता देखाउँदैन?

(A) आधुनिकतावाद

(B) उत्तरआधुनिकतावाद

(C) यथार्थवाद

(D) प्रगतिवाद

**74.** 'प्रकृति कुनै काम पूरा गर्न असमर्थ हुन्छ तब कलाले त्यो कार्य पूरा गर्दछ।'

—यो भनाइ कसको हो?

(A) प्लेटो

(B) एरिस्टोटल

(C) विलियम वर्ड्स्वर्थ

(D) अस्कर वाइल्ड

**75.** ''लक्षिमीको छोरो सेतुवा: पेटभरि षांन्छ माल्पुवा:
घोर: घमसान् कियो: उडायो धुम धुवा:
ताकै जोर तै: लडांकि लडांकि सभ: भगुवा भया।''

—यस कवितांशमा 'लक्षिमीका छोरो' कसलाई भनिएको हो?

(A) कृष्ण

(B) लक्ष्मीनृसिंह मल्लको छोरो सेतुसिंह

(C) सेतो रङ्गको साँढे

(D) शिवजीको बसाहा

**ROUGH WORK**

**ROUGH WORK**